"दलित अधिकार, सामाजिक न्याय र रुपान्तरणका लागि"

नेपाल सरकार दर्ता नं. ०६/०३९/४०
समाज कल्याण परिषद आ. नं. ३२

# नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ

केन्द्रीय कार्यसमिति, काठमाडौं, नेपाल

मिति: २०७४/४/३०

## हार्दिक अपिल

हालै देशमा आएको अविरल बर्षाको कारण बिशेष गरी तराईका धेरै र पहाडका केही जिल्लाहरुमा बाढी, पहिरो, डुबान तथा प्राकृतिक विपद् र त्यसबाट भएको मानवीय तथा भौतिक क्षतिले यस नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO) गम्भिर ध्यानाकर्षण हुनुका साथै उक्त दुःखद घट्नाले स्तब्ध तुल्याएको छ । यस्तो गम्भिर विपद्बाट मृत्यु भएका व्यक्तिहरुको मृत आत्माको चीर शान्तिको कामनाका साथै हार्दिक श्रदाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं र विपद्बाट घाईते भएकाहरुको शिघ्र स्वस्थ्यलाभको कामना समेत गर्दछौं । साथै यस विपद्मा परेका सम्पूर्ण महानुभावहरुलाई यस दुःखद घडीलाई धैर्यताकासाथ सामाना गर्दै यथाशिघ्र पहिलाको अवस्थामा फर्कने शक्ति प्राप्त होस भन्ने पनि कामना गर्दछौं ।

यस बाढी, पहिरो, डुबान तथा विपद्बाट प्रभावित क्षेत्रका जनताको लागि यथासिघ्र उद्धार तथा राहत सुविधा सहितको मानवीय सहायता प्रदान गर्नका लागि नेपाल सरकार, नेपाल रेडक्रस सोसाइटी, अन्तर्राष्ट्रिय दातृ निकायहरु, विपदको क्षेत्रमा कार्यरत सम्पूर्ण संघ संस्थाहरु, निजी क्षेत्रहरु तथा व्यापारिक प्रतिष्ठानहरुलाई समेत हार्दिक अपिल गर्दछौं ।

यस विपदको घडिमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ केन्द्रिय कार्यालयले पनि मानवीय सहायता गर्ने कार्यमा सहभागी भई रहेको र हाम्रा सम्पूर्ण जिल्ला शाखाहरुलाई पनि आ-आफ्नो स्थानबाट पिडितको उद्धार तथा राहतका लागि सक्रिय सहभागी भई मानवीय सहायता प्रदान गर्नु हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद !

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ
Nepal National Dalit Social Welfare Organization
के. कार्य समिति, काठमाडौं
२०३९

अधिवक्त-त्रिलोक चन्द विश्वास बि.क.
राष्ट्रिय अध्यक्ष

गोबर्द्धन कोली
महासचिव

केन्द्रीय कार्यालय, बखुण्डोल, ललितपुर || पोष्ट बक्स नं. २६१९६, काठमाडौं || फोन: +९७७-१-५५३९९४१, ५५२३६९४ || फ्याक्स: +९७७-१-५५५४७५२
E-mail: nndswo@wlink.com.np || Website: www.nndswo.org.np